# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, मंसिर ११ गते, २०८० साल (संख्या ३९

# भाग ३

## नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

## सूचना

**<u>सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०</u>**

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न तथा सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र सामाजिक सञ्जालका प्रयोगकर्ताको स्वनियमनलाई प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस निर्देशिकाको नाम "सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ग) "सम्पर्क विन्दु" भन्नाले दफा ६ बमोजिम सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले स्थापना गरेको कार्यालय वा तोकेको व्यक्ति सम्झनु पर्छ।

(घ) "सम्बद्ध निकाय" भन्नाले देहायका निकाय वा कार्यालय सम्झनु पर्छः-

(१) सूचना तथा प्रसारण विभाग,

(२) विज्ञापन बोर्ड,

(३) प्रेस काउन्सिल,

(४) नेपाल दूरसञ्चार प्राधिकरण।

(ङ) "सामाजिक सञ्जाल" भन्नाले सामाजिक सञ्जाल प्लेटफर्मले कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमबाट उपलब्ध गराएको सुविधा र विधि अनुरुप कुनै व्यक्ति, समूह वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधा तथा प्रयोगकर्ताले निर्माण गरेका विषयवस्तु



मुद्रण विभाग, सिंहदरबार

प्रसार गर्ने सुविधा समेत प्रदान गर्ने समूह, ब्लग, एप लगायतका सञ्जाल सम्झनु पर्छ।

(च) "सामाजिक सञ्जालको प्रयोग" भन्नाले व्यक्ति, समूह वा संस्थागत पहिचान हुने गरी कुनै अक्षर, चित्र, आवाज, सङ्केत र दृश्यलाई सार्वजनिक रुपमा प्रयोगमा आएको सामाजिक सञ्जालमा पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग वा मेन्सन गर्ने लगायतका कार्य सम्झनु पर्छ।

(छ) "सामाजिक सञ्जाल प्लेटफर्म" भन्नाले कुनै व्यक्ति वा संस्थालाई एक अर्कासँग विचार वा सूचनाको आदानप्रदान गर्न सक्ने वा प्रयोगकर्ताले निर्माण गरेका विषयवस्तु प्रसार गर्ने सुविधा समेत प्रदान गर्ने इन्टरनेट वा सूचना प्रविधिमा आधारित फेसबुक, टिकटक, ट्वीटर, भाइबर, पिन्टरेस्ट, ह्वाट्सएप, म्यासेन्जर, इन्स्टाग्राम, युट्युब, लिन्कडइन, विच्याट लगायतका सार्वजनिक रूपमा उपलब्ध हुने गरी सञ्चालनमा ल्याइएका प्रणाली सम्झनु पर्छ।

(ज) "सामाजिक सञ्जाल व्यवस्थापन इकाइ" भन्नाले दफा १३ बमोजिमको सामाजिक सञ्जाल व्यवस्थापन इकाइ सम्झनु पर्छ।

३. **सामाजिक सञ्जाल प्लेटफर्म सूचीकरण:** (१) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले यस निर्देशिका बमोजिम मन्त्रालयमा सूचीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकरण गर्ने प्रयोजनको लागि मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(३) यो निर्देशिका प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्म यो निर्देशिका प्रारम्भ भएको मितिले तीन महिनाभित्र मन्त्रालयमा सूचीकृत हुनु पर्नेछ।

(४) उपदफा (१) वा (३) बमोजिम सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्ने व्यक्ति, कम्पनी वा संस्थाले सूचीकरणका लागि मन्त्रालयमा अनुसूची-१ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखित कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको निवेदन सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्ने व्यक्ति, कम्पनी वा संस्थाले आफैं उपस्थित भई वा आफ्नो प्रतिनिधि मार्फत दिन सक्नेछन्। त्यस्तो निवेदन अनलाइन माध्यमबाट समेत दिन सकिनेछ ।

(६) उपदफा (४) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा विवरण मनासिब देखिएमा सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्ने व्यक्ति, कम्पनी वा संस्थालाई अनुसूची-२ बमोजिमको ढाँचामा सूचीकरण गरेको निस्सा प्रदान गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम सूचीकृत नभएका सामाजिक सञ्जाल प्लेटफर्मलाई मन्त्रालयले नेपालभित्र सञ्चालनमा रोक लगाउन सक्नेछ।

तर नागरिक शिक्षा तथा सामाजिक सशक्तीकरणमा मात्र केन्द्रित भई सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मलाई यो प्रावधान लागू हुने छैन ।

(८) उपदफा (६) बमोजिम सूचीकृत सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्ने व्यक्ति, कम्पनी वा संस्थाले प्रत्येक तीन वर्षमा विवरण अद्यावधिक गराउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम विवरण अद्यावधिक गर्नका लागि अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरे पछि विवरण अद्यावधिक गरी मन्त्रालयले सोको अभिलेख राख्नु पर्नेछ।

४. **सामाजिक सञ्जाल प्रयोगकर्ताले गर्न वा गराउन नहुने कार्यहरुः** सामाजिक सञ्जाल प्रयोगकर्ताले सामाजिक सञ्जाल प्रयोग गर्दा देहायका कार्य गर्न वा गराउन हुँदैनः-

(क) बेनामी वा छद्मवेशी पहिचान (फेक आइडी, पेज, ग्रुप) सिर्जना गर्ने,

(ख) बेनामी वा छद्मवेशी पहिचान (फेक आइडी, पेज, ग्रुप) मार्फत विषयवस्तु (कन्टेन्ट) उत्पादन गरी सेयर गर्ने वा अरूको विषयवस्तु (कन्टेन्ट) सेयर गर्ने वा टिप्पणी (कमेन्ट) गर्ने वा कल गर्ने,

(ग) कुनै व्यक्ति, समुदाय, जातजाति, लिङ्ग, धर्म, उमेर, वर्ण, वर्ग, पेशा, सम्प्रदाय, वैवाहिक अवस्था, पारिवारिक अवस्था, शारीरिक तथा



मुद्रण विभाग

मानसिक अवस्था, उत्पत्ति, यौनिक अल्पसङ्ख्यक, भाषाभाषी तथा कानूनले संरक्षण गरेका अन्य समूह वा वर्गलाई लक्षित गरी घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने प्रकृतिका अभिव्यक्ति दर्शाउने शब्द, श्रव्य, दृश्य, तस्विर सेयर गर्ने तथा ट्रोल बनाई प्रकाशन र प्रसारण गर्ने,

(घ) बालश्रम, मानव बेचबिखन, बहुविवाह, बालविवाह, जातीय छुवाछुत लगायतका प्रचलित कानूनले वर्जित गरेको क्रियाकलाप गर्न प्रोत्साहन गर्ने,

(ङ) अरूलाइ होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्विर, ट्रोल बनाई घृणायुक्त अभिव्यक्ति, गाली बेइज्जती गर्ने वा हेट स्पीच मानिने कार्य गर्ने,

**स्पष्टीकरण**ः यस खण्डको प्रयोजनको लागि "हेट स्पीच" भन्नाले पोस्ट, सेयर वा कमेन्ट गरेको विषयले व्यक्ति, समूह वा समुदायमा हिंसा फैलने, सामाजिक सद्भाव बिग्रने लगायतका दुष्परिणाम निस्कन सक्ने खालका आवाज, शब्द, तस्विर, भिडियो सम्झनु पर्छ।

(च) डिजिटल माध्यमको प्रयोगबाट एनिमेसन, मोन्टाज लगायतका प्रविधिको प्रयोग मार्फत कुनै व्यक्तिको तस्विर विकृतरुपले परिमार्जन गरी प्रकाशन वा प्रसारण गर्ने,



मुद्रण विभाग, सिंहदरबार

(छ) सार्वजनिक प्रकृतिका बाहेक निजी मामिलाका फोटो भिडियो अनुमतिबिना खिचेर सम्पादन, प्रकाशन र प्रसारण गर्ने,

(ज) अश्लील शब्द, तस्विर, अडियो, भिडियो एनिमेसन प्रकाशन, प्रसारण वा सोको समर्थनमा कमेन्ट गर्ने,

(झ) बालबालिकालाई हानी पुऱ्याउने सामग्री तथा बाल यौन शोषण, यौन दुर्व्यवहार, देह व्यापार लगायतका निषेध गरिएका क्रियाकलापलाई प्रोत्साहन गर्ने,

(ञ) मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमरोड गरी प्रकाशन वा प्रसारण गर्ने,

(ट) साइबर बुलिङ मानिने कार्य गर्ने,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "साइबर बुलिङ" भन्नाले प्रविधिको प्रयोग मार्फत अन्य व्यक्तिलाई हतोत्साहित बनाउने, धम्क्याउने, हैरान पार्ने, गालीगलौज गर्ने, गलत सूचना सम्प्रेषण गर्ने लगायतका कार्य सम्झनु पर्छ।

(ठ) लागू औषध सेवन तथा कारोबार गर्न प्रोत्साहन गर्ने,

(ड) जुवा खेलाउने वा जुवा खेल्न प्रोत्साहन गर्ने,

(ढ) आतङ्कवाद सम्बन्धी विषयवस्तुको प्रकाशन वा प्रसारण गर्ने,

(ण) वैयक्तिक गोपनीयता भङ्ग गर्ने,



मुद्रण विभाग, सिंहदरबार

(त) सामाजिक सञ्जाल प्रयोग गरी कसैको आइडी तथा सूचना ह्याक गर्ने,

(थ) सामाजिक सञ्जाल प्रयोग गरी फिसिङ, इम्पोष्टर लगायतका कार्य गर्ने,

(द) बीभत्स तस्विर, भिडियो पोस्ट वा सेयर गर्ने,

(ध) प्रचलित कानूनले निषेध गरेका वस्तुको विज्ञापन तथा कारोबार गर्ने,

(न) प्रचलित कानूनले निषेध गरेका क्रियाकलापहरू नक्कल गर्ने तथा सेयर गर्ने ।

५. <u>सामाजिक सञ्जाल प्लेटफर्मको वर्गीकरण र गुनासो व्यवस्थापनः</u> (१) नेपालभित्र सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मलाई प्रयोगकर्ताको सङ्ख्याका आधारमा देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) एक लाखभन्दा कम प्रयोगकर्ता भएका सामाजिक सञ्जाल प्लेटफर्मलाई साना सामाजिक सञ्जाल प्लेटफर्म,

(ख) एक लाखभन्दा बढी प्रयोगकर्ता भएका सामाजिक सञ्जाल प्लेटफर्मलाई ठूला सामाजिक सञ्जाल प्लेटफर्म।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका सामाजिक सञ्जाल प्लेटफर्मले सम्पर्क विन्दु (पोइन्ट अफ कन्ट्याक्ट) मा अनिवार्य रूपले आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनाको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्नु पर्नेछ।



मुद्रण विभाग, सिंहदरबार

(३) सम्पर्क विन्दुको ठेगाना परिवर्तन हुँदा वा गुनासो सुन्ने अधिकारी परिवर्तन हुँदा सोको सूचना सामाजिक सञ्जाल व्यवस्थापन इकाइलाई दिनु पर्नेछ ।

६. **सम्पर्क विन्दु (पोइन्ट अफ कन्ट्याक्ट) को व्यवस्था गर्नु पर्ने**: (१) सामाजिक सञ्जाल प्रयोगको सम्बन्धमा आएका गुनासो सम्बोधन गर्ने प्रयोजनको लागि सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले नेपालभित्र सम्पर्क विन्दु (पोइन्ट अफ कन्ट्याक्ट) को व्यवस्था गर्नु पर्नेछ।

(२) यो निर्देशिका प्रारम्भ हुँदाका बखत नेपालमा कार्यालय नभएका सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले तीन महिनाभित्र कार्यालय स्थापना गर्न वा सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

७. **सम्पर्क विन्दु (पोइन्ट अफ कन्ट्याक्ट) को जिम्मेवारी**: सम्पर्क विन्दु (पोइन्ट अफ कन्ट्याक्ट) को जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) यस निर्देशिका विपरीत सामाजिक सञ्जालमा सम्प्रेषण गरेको सामग्रीको पहिचान गर्ने,

(ख) खण्ड (क) बमोजिमका सामग्री निश्चित अवधिका लागि वा पूर्णरूपले निष्क्रिय बनाई सामाजिक सञ्जाल व्यवस्थापन इकाइ र सम्बद्ध निकायलाई जानकारी दिने,

(ग) आफू सम्बद्ध सामाजिक सञ्जालको सदुपयोग सम्बन्धमा समय समयमा सार्वजनिक जानकारी गराउने।



मुद्रण विभाग, सिंहदरबार

८. **सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकको जिम्मेवारी**: सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानून विपरीतका सूचना, विज्ञापन र सामग्रीको प्रकाशन वा प्रसारण रोक्ने गरी सामाजिक सञ्जालमा एलगोरिदम (कलन विधि) विकास तथा अन्य उपाय अवलम्बन गर्नु पर्ने,

(ख) दफा ४ विपरीतका सामग्री सामाजिक सञ्जालमा प्रकाशन वा प्रसारण भएको गुनासो प्राप्त भएमा सोको पहिचान गरी सो सामग्री चौबिस घण्टाभित्र हटाउने,

(ग) कसैले सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने विषयवस्तु सम्प्रेषण गरेको वा गर्न लागेको देखिएमा सामाजिक सञ्जाल व्यवस्थापन इकाइ वा सम्बद्ध निकायले त्यस्तो सामग्री हटाउन निर्देशन दिएमा चौबिस घण्टाभित्र हटाउने,

(घ) सामाजिक सञ्जाल प्रयोगकर्ताका वैयक्तिक विवरणको गोपनीयता कायम राख्न आवश्यक सुरक्षा मापदण्ड अवलम्बन गर्ने र यस्ता विवरण सार्वजनिक गर्न वा अन्य प्रयोजनमा प्रयोग गर्न नहुने,

(ङ) सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि आवश्यक सचेतना र शिक्षामूलक सामग्री निरन्तर रुपमा प्रकाशन वा प्रसारण गर्ने,



मुद्रण विभाग, सिंहदरबार

(च) सामाजिक सञ्जालको प्रयोगका क्रममा आएका गुनासो सम्बोधनको यथोचित व्यवस्था गर्ने,

(छ) नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, सामाजिक तथा धार्मिक सद्भाव विरुद्ध हुने वा सामाजिक तथा धार्मिक सद्भाव भड्काउने सामग्री प्रकाशन वा प्रसारणमा रोक लगाउने,

(ज) सामाजिक सञ्जाल प्लेटफर्ममा प्रकाशन वा प्रसारण भएका सामग्रीको तथ्यको जाँच गर्ने,

(झ) सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न अन्तर्राष्ट्रिय रूपमा विकसित सान्टाक्लारा सिद्धान्तको परिपालना गर्ने,

(ञ) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालनबाट हुने कारोबारको भुक्तानी बैङ्किङ प्रणालीबाट गर्नु पर्ने।

९. <u>**सामाजिक सञ्जाल प्रयोगकर्ताको जिम्मेवारी:**</u> (१) सामाजिक सञ्जाल प्रयोगकर्ताको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हित वा सङ्घीय इकाइ बीचको सु-सम्बन्धमा प्रतिकूल असर हुने गरी वा वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्न वा गराउन वा त्यस्तो गर्ने उद्योग गर्न वा

दुरुत्साहन गर्न वा त्यस्तो काम गर्ने षड्यन्त्र गर्न वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पार्ने लगायतका विषय सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने,

(ख) जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, अपराध गर्न दुरुत्साहन गर्ने, शान्ति सुरक्षा भङ्ग हुने कार्यलाई बढावा दिने वा प्रचलित कानून बमोजिम प्रकाशन वा प्रसारण गर्न रोक लगाएको कुरा प्रसारण वा सम्प्रेषण गर्ने वा सार्वजनिक सदाचार र नैतिकताको प्रतिकूल हुने तथा अश्लिल सामग्री प्रकाशन वा प्रसारण लगायतका कार्य गर्न वा गराउन नहुने,

(ग) दफा ४ बमोजिम निषेध गरिएका कार्य गर्न वा गराउन नहुने,

(२) उपदफा (१) बमोजिमको कुनै कार्य अन्य व्यक्तिले गरेको कुरा सामाजिक सञ्जाल प्रयोगकर्ताले जानाजानी सेयर, लाइक, रिपोस्ट, लाइभ ब्रोडकास्ट, ट्याग, मेन्सन, सब्सक्राइब र कमेन्ट गर्ने लगायतका कार्य गर्न वा गराउन हुदैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक सञ्जालमा प्रचलित कानून तथा सार्वजनिक सदाचार र नैतिकताको प्रतिकूल नहुने प्रकृतिका सूचनामूलक, तथ्यपरक, शिक्षामूलक, अध्ययन तथा अनुसन्धानात्मक तथा सञ्चारजन्य विवरण शब्द, चित्र, सङ्केत, अडियो वा भिडियो लगायतका सामग्री प्रकाशन वा प्रसारण गर्न र सोको सेयर,



मुद्रण विभाग, सिंहदरबार

लाइक, रिपोस्ट, लाइभ ब्रोडकास्ट, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग गर्ने लगायतका कार्य गर्न बाधा पुग्ने छैन ।

१०. **मन्त्रालयको भूमिका तथा जिम्मेवारीः** सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा मन्त्रालयको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) सम्बद्ध निकाय तथा अन्य सरोकारवाला निकायबीच समन्वय कायम गर्ने,

(ख) सामाजिक सञ्जालको प्रयोग सम्बन्धी विषयमा सचेतनामूलक, क्षमता अभिवृद्धि र अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने, गराउने,

(ग) सामाजिक सञ्जाल व्यवस्थापन इकाइलाई स्रोत साधनयुक्त बनाउने,

(घ) सामाजिक सञ्जालको व्यवस्थित प्रयोगका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, गराउने,

(ङ) सामाजिक सञ्जालको प्रयोगका सम्बन्धमा सम्बद्ध निकायको अनुगमन गर्ने, गराउने।

११. **सम्बद्ध निकायको जिम्मेवारी** : सम्बद्ध निकायको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) गुनासो सुनुवाइ सम्बन्धी कार्यमा खटिने जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(ख) सामाजिक सञ्जालको प्रयोगकर्ताबाट पीडित भएका व्यक्तिबाट आउने गुनासो सम्बोधन गर्न सम्पर्क व्यक्ति (फोकल पर्सन) तोक्ने,

(ग) सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि आवश्यक सचेतना र शिक्षामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) यस निर्देशिका बमोजिमका गुनासो सम्बोधन सम्बन्धी कार्यको विवरण त्रैमासिक रूपमा मन्त्रालयमा पेश गर्ने।

१२. **शिक्षा तथा सचेतनाको व्यवस्था मिलाउनु पर्नेः** (१) सामाजिक सञ्जाल व्यवस्थापन इकाइ तथा सम्बद्ध निकायले सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि देहायका कुनै वा सबै माध्यमबाट शिक्षा तथा सचेतनाको व्यवस्था मिलाउनु पर्नेछः-

(क) प्रकाशन तथा प्रसारण सामग्री,

(ख) वेबसाइट,

(ग) गोष्ठी, कार्यशाला,

(घ) लोककल्याणकारी विज्ञापन,

(ङ) संवाद कार्यक्रम,

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने शिक्षा तथा सचेतनाका सम्बन्धमा मन्त्रालयले प्रदेश र स्थानीय तहसँग आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न सक्नेछ।

१३. **सामाजिक सञ्जाल व्यवस्थापन इकाइः** (१) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक वा सोको सम्पर्क विन्दुबाट दफा ४ मा उल्लेख भएका विषयमा गुनासो सुनुवाइ नभएको वा सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम सामाजिक सञ्जालका विषयमा सम्बोधन नभएको भनी प्राप्त भएका गुनासो सुनुवाइ



मुद्रण विभाग, सिंहदरबार

समेतको कार्य गर्न मन्त्रालयमा एक सामाजिक सञ्जाल व्यवस्थापन इकाइ रहनेछ।

(२) सामाजिक सञ्जाल व्यवस्थापन इकाइले देहायको कार्य गर्नेछः-

(क) सामाजिक सञ्जाल प्रयोगसँग सम्बन्धित गुनासो दर्ता गर्दा गुनासोकर्ताले आफू ठगिएको वा हैरानी दिइएको वा गाली गरेको सम्बन्धी कन्टेन्टको स्क्रिनसट पेस गरे, नगरेको यकिन गरी दर्ता गर्ने,

(ख) सामाजिक सञ्जाल व्यवस्थापन इकाइमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(ग) सम्बद्ध निकाय वा अन्य निकाय समेतको सहभागिता रहने गरी सामाजिक सञ्जालको व्यवस्थित प्रयोग तथा नियमन सम्बन्धमा समन्वय बैठक आयोजना गर्ने,

(घ) सामाजिक सञ्जालको सही प्रयोगका लागि कानूनी व्यवस्था तथा असल अभ्यासको प्रचारप्रसारका साथै अध्ययन, अनुसन्धान र संवादलाई संस्थागत रुपमा अघि बढाउने,

(ङ) सामाजिक सञ्जाल व्यवस्थापन इकाइबाट सम्पादित कार्यको अभिलेख राख्ने,

(च) यस निर्देशिका विपरीत प्रकाशित वा प्रसारित सामग्री हटाउन सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्मको सम्पर्क बिन्दुलाई तत्काल लेखी पठाउने,



मुद्रण विभाग, सिंहदरबार

(छ) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्तिले यस निर्देशिका विपरीतको कार्य गरेको पाईएमा सम्बन्धित निकायमा लेखी पठाउने।

(३) सामाजिक सञ्जाल व्यवस्थापन इकाइले यस दफा बमोजिम गुनासो सुनुवाइ गर्दा कुनै कार्य प्रचलित कानून बमोजिम कसूर हुने देखिएमा सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

१४. **<u>विशेष व्यवस्थाः</u>** यस निर्देशिका बमोजिम सम्पर्क विन्दु, सम्बद्ध निकाय, समाजिक सञ्जाल प्लेटफर्म र सामाजिक सञ्जाल व्यवस्थापन इकाइले गुनासो सुनुवाइ सम्बन्धी कार्य गर्दा महिला, बालबालिका र यौनिक अल्पसङ्ख्यकसँग सम्बन्धित गुनासोलाई प्राथमिकता दिनु पर्नेछ।

१५. **<u>निर्देशन दिन सक्नेः</u>** सामाजिक सञ्जाललाई व्यवस्थित गर्ने सम्बन्धमा मन्त्रालयले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक, सम्पर्क विन्दु तथा सम्बद्ध निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ।



मुद्रण विभाग, सिंहदरबार

# अनुसूची-१

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

सूचीकरणको लागि दिइने निवेदनको ढाँचा

मितिः...........

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः सूचीकरण गरी दिनु हुन।**

म/ ................. कम्पनी/संस्थाले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० ले गरेको व्यवस्था अनुसार देहाय बमोजिमको सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न आवश्यक विवरण, कागजात समेत संलग्न गरी यो निवेदन पेस गरेको छु/ छौं। सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने कुराको पालना गर्न म/कम्पनी/संस्था मञ्जुर रहेको व्यहोरा अनुरोध छ।

यस निवेदनसाथ संलग्न विवरण तथा कागजात साँचो छन्। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

**सूचीकृत हुने कम्पनी/संस्था**

१. नेपालमा मुख्य कार्यालय भएका कम्पनी/संस्थाको हकमा

(क) कम्पनी/संस्थाको नामः............. सामाजिक सञ्जाल प्लेटफर्मको नामः...............

(ख) कम्पनी/संस्थाको ठेगानाः प्रदेशः .......... जिल्लाः ......... गा.पा./न.पा.: ............ टोलः ........ गल्ली/मार्गः ...... वडा नं.: ......

(ग) कम्पनी/संस्था दर्ता नं. र दर्ता मितिः ......................

(घ) कम्पनी/संस्थाको स्थायी लेखा नम्बर/मु.अ.क.नं. ...........................

(ङ) प्रमुख कार्यकारी अधिकृतको नामः.............सम्पर्क नम्बरः ............................

(च) कार्यालयको सम्पर्क नं.: .......................

(छ) इमेलः.................. वेबसाइटः ..........................

(ज) मुख्य सम्पर्क व्यक्तिको नामः............ पद/जिम्मेवारीः ..................

(झ) मुख्य सम्पर्क व्यक्तिको नम्बरः ......................... इमेलः ...................

(ञ) गुनासो सुन्ने अधिकारीको नामः................. सम्पर्क नम्बरः ................ इमेलः..........

(ट) कम्पनी/संस्थाको सञ्चालक समितिको विवरणः

| क्र.सं. | सञ्चालकको नाम | लिङ्ग | पद | सम्पर्क टेलिफोन नं. | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(ठ) अन्य विवरणः

२. **अन्य देशमा मुख्य कार्यालय भएको/दर्ता भएको कम्पनी/संस्थाको हकमा**

(क) कम्पनीको नामः ............ सामाजिक सञ्जाल प्लेटफर्मको नामः ..............

(ख) कम्पनीको पूरा ठेगानाः ........................

(ग) कार्यालयको टेलिफोन सम्पर्क नं.ः ....................

(घ) इमेलः ........... वेबसाइटः ..........

(ङ) प्रमुख कार्यकारी अधिकृतको नामः ............... सम्पर्क नम्बर/इमेलः ...........

(च) कम्पनीको स्थायी लेखा नम्बर/मु.अ.क.नं. (नेपालमा दर्ता भएको भए) : ............

(छ) कम्पनी/संस्था दर्ता नं. र दर्ता मितिः (नेपालमा दर्ता भएको भए) : ................

(ज) नेपालस्थित कम्पनी/संस्था/सम्पर्क विन्दुको ठेगानाः प्रदेशः .......... जिल्लाः......... गा.पा./न.पा.ः .......... टोलः ......... गल्लीः ......... वडा नं.ः .... ब्लक नं.ः ........ पोष्ट बक्स नम्बरः ........... टेलिफोन सम्पर्क नम्बरः ............

(झ) नेपालस्थित मुख्य सम्पर्क व्यक्तिको नामः...........पद/जिम्मेवारीः ...............

(ञ) मुख्य सम्पर्क व्यक्तिको टेलिफोन नम्बरः .......................

(ट) मुख्य सम्पर्क व्यक्तिको इमेलः ...................................

(ठ) गुनासो सुन्ने अधिकारीको नामः ....................................

(ड) गुनासो सुन्ने अधिकारीको सम्पर्क नम्बरः ...............इमेलः ..........................

(ढ) अन्य विवरणः ................................

**<u>संलग्न कागजातः</u>**

१. **<u>नेपालमा मुख्य कार्यालय भएका कम्पनी/संस्थाको हकमा</u>**

(क) कम्पनी/संस्थाको प्रबन्धपत्र र नियमावली,

(ख) कम्पनी/संस्था दर्ताको प्रमाणपत्र,

(ग) कम्पनी/संस्थाको स्थायी लेखा नम्बर/मु.अ.क.नं. प्रमाणपत्र,

(घ) कम्पनी अद्यावधिक भएको पत्र,

(ङ) पछिल्लो करचुक्ता प्रमाणपत्र,

(च) सूचीकरण गराउने सम्बन्धमा कम्पनीको निर्णय,

(छ) शेयरधनीको लगत विवरण,

(ज) विदेशी लगानीकर्ताले शेयर लगानी गरेको भए सो सम्बन्धी विवरण,

(झ) कम्पनी/संस्थाको सञ्चालक समितिको विवरण,

(ञ) नेपाली नागरिक भए नागरिकता प्रमाणपत्र र विदेशी भए राहदानीको प्रतिलिपि,

(ट) सामाजिक सञ्जालको गोपनीयता नीति (प्राइभेसी पोलिसी), डाटा प्रयोग नीति (डाटा युजेज पोलिसी), सूचना सुरक्षा नीति (इन्फर्मेसन सेक्युरिटी पोलिसी),

(ठ) प्राविधिक क्षमता र पेशागत दक्षतासँग सम्बन्धित दस्तावेज,

(ड) अनलाइन मार्फत हुने आवेदनको हकमा आधिकारिक प्रतिनिधिको भिडियो के.वाइ.सी.,

(ढ) सामाजिक सञ्जालले प्रयोगकर्ताका सम्बन्धमा निर्धारण गरेका मापदण्ड,

(ण) सामाजिक सञ्जालमा गुनासो सुनुवाइ प्रक्रिया,

(त) अन्य आवश्यक विवरण।

२. **नेपाल बाहिर मुख्य कार्यालय भएका कम्पनी/संस्थाको हकमा**

(क) कम्पनी/संस्थाको प्रबन्धपत्र र नियमावली,

(ख) कम्पनी/संस्था दर्ताको प्रमाणपत्र,

(ग) कम्पनी/संस्थाको स्थायी लेखा नम्बर/मु.अ.क.नं. प्रमाणपत्र,

(घ) पछिल्लो करचुक्ता प्रमाणपत्र,

(ङ) कम्पनी/संस्थाको सञ्चालक समितिको विवरण,

(च) आधिकारिक प्रतिनिधिको राहदानीको प्रतिलिपि,

(छ) अनलाइन मार्फत हुने आवेदनको हकमा आधिकारिक प्रतिनिधिको भिडियो के.वाइ.सी.,

(ज) सामाजिक सञ्जालको गोपनीयता नीति(प्राइभेसी पोलिसी), डाटा प्रयोग नीति (डाटा युजेज पोलिसी),सूचना सुरक्षा नीति (इन्फर्मेसन सेक्युरिटी पोलिसी),

(झ) प्राविधिक क्षमता र पेशागत दक्षतासँग सम्बन्धित दस्तावेज,

(ञ) सामाजिक सञ्जालले प्रयोगकर्ताका सम्बन्धमा निर्धारण गरेका मापदण्ड,

(ट) सामाजिक सञ्जालमा गुनासो सुनुवाइ प्रक्रिया,

(ठ) अन्य आवश्यक विवरण ।

**निवेदकको,-**

नाम:

कम्पनी/संस्थामा जिम्मेवारी/पदः

ठेगाना:

मिति:

हस्ताक्षर:

कम्पनी/संस्थाको छापः

मुद्रण विभाग

## अनुसूची-२

(दफा ३ को उपदफा (६) सँग सम्बन्धित)

<u>सूचीकरण भएको निस्साको ढाँचा</u>

प्रमाणपत्र नं.: मितिः ................

श्री ................................,

.......................................।

तपाईलाई सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० को दफा ८ बमोजिमको जिम्मेवारी पूरा गर्ने गरी सोही निर्देशिकाको दफा ३ को उपदफा (६) बमोजिम सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न यो निस्सा प्रदान गरिएको छ।

<u>कार्यालयको छाप</u>

<u>निस्सा प्रदान गर्ने अधिकारीको</u>,-

नाम:

दस्तखत:

पद:

मिति:

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची-३

(दफा ३ को उपदफा (९) सँग सम्बन्धित)

विवरण अद्यावधिकको लागि दिइने निवेदनको ढाँचा

मितिः ................

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः विवरण अद्यावधिक गरी दिनुहुन।**

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० अनुसार ............. नामक सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्नको लागि त्यस मन्त्रालयमा सूचीकृत भएको यस व्यक्ति/कम्पनी/संस्थाको विवरण अद्यावधिक गरी दिनुहुन देहाय बमोजिमको आवश्यक विवरण, कागजात समेत संलग्न गरी यो निवेदन पेस गरिएको छ। सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालनका सम्बन्धमा यस व्यक्ति/कम्पनी/संस्थाले प्रचलित कानूनको पालना गर्दै आएको ब्यहोरा अनुरोध छ।

**सूचीकृत भएको कम्पनी/संस्था**

१. नेपालमा मुख्य कार्यालय भएकाको हकमा

(क) सूचीकृत नम्बरः ...............

(ख) सूचीकृत मितिः .............

(ग) कम्पनी/संस्थाको नामः ............. सामाजिक सञ्जाल प्लेटफर्मको नामः ...........

(घ) कम्पनी/संस्थाको अद्यावधिक विवरण (पहिलाको भन्दा विवरण फरक भएमा मात्र भर्नु पर्ने),
(प्रदेशः ........... जिल्लाः ............. गा.पा./न.पा.ः .......... टोलः ........ गल्लीः .......... वडा नं.ः .... ब्लक नं.ः .......... प्रमुख कार्यकारी अधिकृतको नाम र सम्पर्क नम्बरः ........ कार्यालयको टेलिफोन सम्पर्क नं.ः ........ विद्युतीय ठेगाना (इमेल)ः ...... विद्युतीय ठेगाना (वेबसाइट)ः ...... मुख्य सम्पर्क व्यक्तिको नामः ........... मुख्य सम्पर्क व्यक्तिको पद/जिम्मेवारीः ....... मुख्य सम्पर्क व्यक्तिको सम्पर्क नम्बरः......... गुनासो सुन्ने अधिकारीको नामः........ गुनासो सुन्ने अधिकारीको सम्पर्क नम्बरः........ प्रमुख कार्यकारी अधिकृतको नामः........ कम्पनी/संस्थाको सञ्चालक समितिको विवरणः.......आदि)

(ङ) अनलाइन मार्फत हुने आवेदनको हकमा आधिकारिक प्रतिनिधिको भिडियो के.वाइ.सी.,



मुद्रण विभाग, सिंहदरबार

(च) प्रयोगकर्ताबाट हालसम्म दर्ता हुनआएका गुनासोको सङ्ख्याः ................

(छ) दर्ता हुनआएका गुनासो मध्ये तोकिएको समयमा नै फछ्र्यौट भएका गुनासोको सङ्ख्याः .........

(ज) तोकिएको समयमा गुनासो फछ्र्यौट हुन नसक्नुका कारणः .....................

(झ) फछ्र्यौट हुन नसकेका गुनासोको सङ्ख्याः ..............................

(ञ) फछ्र्यौट हुन नसक्नुका कारणः .....................

(ट) पछिल्लो कर चुक्ता प्रमाणपत्र,

(ठ) अन्य कुनै उल्लेख गर्नुपर्ने भएः................

२. अन्य देशमा मुख्य कार्यालय भएको/दर्ता भएकाको लागि

(क) सूचीकृत नम्बरः ...............

(ख) सूचीकृत मितिः .........

(ग) कम्पनी/संस्थाको नामः.............. सामाजिक सञ्जाल प्लेटफर्मको नामः................

(घ) कम्पनी/संस्थाको अद्यावधिक विवरण (पहिलाको भन्दा विवरण फरक भएमा मात्र भर्नुपर्ने),
(विदेशस्थित कम्पनीको ठेगानाः.....................................................
इमेलः ............. वेबसाइटः ..................

(ङ) कम्पनी/संस्थाको स्थायी लेखा नम्बर/मु.अ.क.नं.: (नेपालमा दर्ता भएको भए)

(च) कम्पनी/संस्था दर्ता नं. र दर्ता मितिः (नेपालमा दर्ता भएको भए)

(छ) नेपालस्थित कम्पनी/संस्थाको ठेगानाः प्रदेशः .......... जिल्लाः .........
गा.पा./न.पा.: ...... टोलः ..... गल्लीः ...... वडा नं.: .... ब्लक नं.: ..... पोस्ट बक्स नम्बरः ..... टेलिफोन सम्पर्क नम्बरः ..........

(ज) नेपालस्थित मुख्य सम्पर्क व्यक्तिको नामः ...............................

(झ) नेपालस्थित मुख्य सम्पर्क व्यक्तिको पद/जिम्मेवारीः ........................

(ञ) मुख्य सम्पर्क व्यक्तिको टेलिफोन नम्बरः ..........................

(ट) मुख्य सम्पर्क व्यक्तिको इमेलः ..........................

(ठ) गुनासो सुन्ने अधिकारीको नामः ................................

(ड) गुनासो सुन्ने अधिकारीको सम्पर्क नम्बरः ..........................

(ढ) हालसम्म प्राप्त गुनासोको सङ्ख्याः .....................

(ण) प्राप्त गुनासोमध्ये तोकिएको समयमा फछ्र्यौट भएका गुनासोको सङ्ख्याः ..........

(त) तोकिएको समयमा गुनासो फछ्र्यौट हुन नसक्नुका कारणः...........................

(थ) फछ्र्यौट हुन नसकेका गुनासोको सङ्ख्याः .......................

(द) फछ्र्यौट हुन नसक्नुका कारणः...................................



मुद्रण विभाग, सिंहदरबार

(ध) पछिल्लो कर चुक्ता प्रमाणपत्र,

(न) अनलाइन मार्फत हुने आवेदनको हकमा आधिकारिक प्रतिनिधिको भिडियो के.वाइ.सी.,

(प) अन्य विवरणः ....................................

**निवेदकको,-**

नामः

कम्पनी/संस्थामा जिम्मेवारी/पदः

ठेगानाः

मितिः

हस्ताक्षरः

कम्पनी/संस्थाको छापः

**आज्ञाले,**

**कृष्ण बहादुर राउत**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार